

# फाल्गुनन्द टाईम्स
# Phalgunanda Times

आ.व.: २०८०/०८१ मूल्य रु. ५०/-





फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

# आर्थिक वर्ष २०८०/८१ को प्रगति समिक्षा

**विषय प्रवेशः**

फाल्गुनन्द गाउँपालिका सात वटा वडामा विभाजित गरिएको छ । राष्ट्रिय जनगरणा २०७८ अनुसार यस गाउँपालिकामा करिब २२ हजार जनसंख्या रहेको छ । लिम्बु जनजातीहरुको सघन बस्ती रहेको यस गाउँपालिकामा तामाङ, राई, सुनुवार, शेर्पा, दलित समुदाय तगायत खस आर्य समुदायको पनि उल्लेख्य बसोबास रहेको छ । पाँचथरका ८ वटा स्थानिय तहहरुमध्ये यस गाउँपालिकालाई कृषि उत्पादनको हिसाबले उर्वर गाउँपालिका मानिन्छ, र बहुसंख्यक परिवार कृषि पेशामा आबद्ध छन् । त्यसपछि बैदेशिक रोजगार, नोकरी, व्यापार व्यावसाय तथा निजी उद्यम गरेर यहाँका मानिसहरु जिविकोपार्जन गरिरहेका पाइन्छन् ।

**आ.व. २०८०/८१ को गाउँसभा र बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०/८१ को गाउँ सभाको बर्खे अधिवेशन तोकिएकै समयमा मिति २०८० साल असार ५ र ६ गते सम्पन्न भएको थियो । गाउँपालिका अध्यक्ष श्री बृज हाङ आङदेम्बेको अध्यक्षतामा बसेको गाउँ सभामा उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङले संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त, समानिकरण अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, आन्तरिक राजस्व तथा आन्तरिक स्रोत (मौज्दात) गरी कुल रु. ५५ करोड १७ लाख ५० हजार ६१६ पैसा ६२ को बजेट पेश गर्नु भएको थियो । जसमा गाउँसभाबाट पुँजिगत र चालु खर्च तपशिल बमोजिम स्विकृत भएको थियो ।




**<u>तपशिलः</u>**

| | चालु खर्च | पुँजिगत खर्च | कुल जम्मा |
|---|---|---|---|
| बजेट | रु. ३८,४८,३३,७५६.६२ | रु. १६,६९,१६,८६० | रु. ५५,१७,५०,६१६.६२ |
| खर्च | ९०.०१ | ७२.४५ | ८४.७२ |

माथिको तालिकालाई हेर्दा चालु खर्चको तुलनामा पुजिंगत खर्च १७.५६ प्रतिशतले कम भएको देखिन्छ। पुँजिगत खर्चको हिस्सालाई बढाउदै गाउँपालिकाको पुर्वाधार विकास तर्फसबैको ध्यान जानु पर्ने देखिन्छ। गाउँपालिकामा ठेक्का प्रकृया ढिलो हुनु र समय मै भुक्तनी गर्न नसक्नुले परि खर्च कम भएको अवस्था छ। पुँजिगत किसिमका आयोनाहरुलाई पहिलो प्राथमिकतामा राखेर वडा तथा गाउँपालिबाट काम सम्पन्न गर्न सकेको खण्डमा आगामी दिनमा पुँजिगत खर्च बढाउन सकिन्छ। गत वर्षको तुलनामा पनि यस वर्ष कम पुँजिगत खर्च हुनुलाई राम्रो मानिदैन। आगामी आर्थिक वर्षमा पुजिंगत खर्च तर्फ ध्यान केन्द्रित गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ । तर समग्र खर्चलाई हेर्दा गाउँपालिकाको खर्च ८४ प्रतिशत भन्दा माथि भएकोले सन्तोषजनक नै रहेको देखियो ।

**वडागत बजेट विनियोजन तथा खर्चको समिक्षाः**

मिति २०८० साल असार ५ र ६ गते बसेको गाउँ सभाको अधिवेशनबाट वडाको जनसंख्या, भौगोलिक क्षेत्रफल र त्यहाँको आवश्यकताका आधारमा तपशिल बमोजिम बजेट विनियोजन गरेको थियो । उक्त बजेटको खर्च प्रतिशतका आधारमा हेर्दा देहाय बमोजिम वडागत खर्च भएको देखिन्छ।


| क्रसं. | वडा नं. | जनसंख्या | बजेट | खर्च प्रतिशित |
|---|---|---|---|---|
| १. | १ नवमीडाँडा | ४४७७ | रु. ४०,००,००० | ८७.७१ |
| २. | २ इम्बूङ | २५०१ | रु. ३५,००,००० | ७७.११ |
| ३. | ३ पौवा सारताप | ५५०७ | रु. ४०,००,००० | ८५.९८ |
| ४. | ४ चिलिङदिन | ४३१८ | रु. ४०,००,००० | ९१.८५ |
| ५. | ५ फाक्तेप | ५१८५ | रु. ४०,००,००० | ७६.८२ |
| ६. | ६ आङसराङ मेहेलबोटे | ३४३२ | रु. ३५,००,००० | ९०.६१ |
| ७. | ७ आङसराङ पिपलबोटे | ३४७६ | रु. ३५,००,००० | ७२.०४ |

बजेट विनियोजनलाई जनसंख्याको बधारमा हेर्दा समानुपातिक नै देखिन्छ । खर्च प्रतिशतको विश्लेषण गर्दा माथिको तालिकाबाट के देखिन्छ भने सबैभन्दा बढि खर्च वडा नं. ४ मा र सबै भन्दा कम खर्च वडा नं. ७ मा भएको देखिन्छ । वडा स्तरीय योजनाहरुलाई सञ्चालन गर्ने क्रममा सम्बन्धित वडँका जनप्रतिनिधि र कर्मचारी टोल बस्तीसम्म पुगेर सेवा प्रवाहलाई तल्लो तहसम्म पुर्याउन जरुरी देखिन्छ।

**विषयगत शाखाको बजेट तथा खर्चको समिक्षाः**

गाउँपालिकाको समग्र विकास र समृद्धीको निम्ति विषयगत शाखाहरुको कार्य संञ्चालनमा निर्भर गर्दछ। गाउँपालिकाको नीति बजेट तथा कार्यक्रमलाई सार्थकता दिनका निम्ति विषयगत शाखाहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहन्छ। वडागत रुपमा रहेको सामाजिक आर्थिक पूर्वाधार एवं न्यायिक क्षेत्रको वर्तमान अवस्थालाई मध्यनजर गरेर आगामी वर्षमा गर्नु पर्ने कार्यका निम्ति विषयगत समिति मार्फत मार्ग निर्दिष्ट गर्न र विनिइवजित बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्न विषयगत शाखाको महत्वपूर्ण भूमिका रहन्छ।

आ.व. २०८०।८१ मा विषयगत रुपमा तपशिल बमोजिम विषयगत शाखाहरुलाई बजेट उपलब्ध गराइएको थियो । विषयगत शाखाहरुमा सबैभन्दा बढी २२ प्रतिशत कृषि र सबै भन्दा कम ६ प्रतिशत आयुर्वेद शाखालाई विनियोजन गरिएको देखिन्छ । आर्थिक विकास तर्फ कृषि र पशुपंछीलाई संयुक्त रुपमा हेर्दा पहिलो प्राथमिकतामा राखिएको देखिन्छ भने त्यसपछि स्वास्थ्य र शिक्षालाई जोड दिइएको छ ।



| क्रसं. | वडा नं. | बजेट | खर्च प्रतिशित |
|---|---|---|---|
| १. | कृषि विकास शाखा | रु. ३३,००,००० | ७१.९४ |
| २. | पशुपंछि सेवा शाखा | रु. ३०,००,००० | ९०.३९ |
| ३. | शिक्षा | रु. १९,१०,००० | ७७.५८ |
| ४. | स्वास्थ्य शाखा | रु. ३०,००,००० | ६४.८५ |
| ५. | आयुर्वेद सेवा शाखा | रु. १०,००,००० | ९४.१६ |
| ६. | महिला तथा बालबालिका | रु. १०,००,००० | ९१.५२ |
| ७. | न्यायिक समिति | रु. १०,००,००० | ८६.३२ |

**खर्च विश्लेषण गर्दा** पशुपंन्छी सेवा शाखाले सबै भन्दा बढी तथा स्वास्थ्य शाखाले सबैभन्दा कम खर्च गरेको देखिन्छ । विषयगत शाखाहरुले गाउँपालिको समग्र स्थिति हेर्नु पर्ने भएकोले खर्च बढ्नु स्वभाविक मानिन्छ । तर स्वास्थ्य सेवा शाखाको हकमा सशर्त बजेट समेत भएको हुँदा यहाँ समानिकरणको खर्च कम देखिएको पनि हुन सक्छ ।

**लक्षित तथा क्षेत्रगत कार्यक्रम तर्फः**

फाल्गुनन्द गाउँपालिकालाई भाषिक तथा सांस्कृतिक विकास र संरक्षणका लागि लगानी गर्ने पहिलो स्थानीय तहका रुपमा पनि चिनिन्छ। पहिलो स्थानीय तहको निर्वाचन पश्चात लिम्बू भाषालाई आधारभूत तहमा पठन पाठन गर्ने निर्ण गरे देखि हालसम्म तामाङ तथा राई वान्तावा भाषा गरी जम्मा २४ वटा सामुदायिक विद्यालयमा मातृभाषा पठनपाठन गराउदै आइरहेको छ। आदिवासी जनजाती लगायत दलित तथा खस आर्यको संस्कार संस्कृतिको जगेर्ना गर्नका लागि समेत प्रत्येक वर्ष बजेट विनिइवजन गर्दै आइरहेको छ। यसबाट गाउँपालिकाको चौतर्फि विकास र सद्भावना वृद्धि भएर जाने विश्वास गरिएको गरिएको छ।

गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण समुदायको उत्थान, संस्कृति प्रवर्धन तथा विकासका निम्ति समतामुलक सहभागिता सुनिश्चित गर्ने नीति गाउँपालिकाले लिएको छ । गाउँपालिका भित्र रहेका संस्कार संस्कृतिको जगेर्न गर्दै सामाजिक सहभागिता र विकासका निम्ति आ.व. २०८०।८१ मा तपसिल बमोजिम बजेट विनियोजन गरिएको थियो । तपशिलः

| क्रसं. | वडा नं. | बजेट | खर्च प्रतिशित |
|---|---|---|---|
| १. | जनजाती सशक्तिकरण | रु. ३,५०,००० | ४२.८५ |
| २. | दलित सशक्तिकरण | रु. ३,००,००० | ० |
| ३. | खस आर्य संस्कृति प्रवदर्धन | रु. २,५०,००० | ५०.०० |
| ४. | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम | | |

**माथिको** तालिकाबाट के देखिन्छ भने लक्षित कार्यक्रमहरुको सञ्चालन गर्दा ध्यान दिनु पर्ने देखिन्छ । समग्र खर्चको तुलना गर्दा सबै भन्दा बढी खस आर्य संस्कृति प्रवर्धन तथा सबै भन्दा कम खर्च दलित सशक्तिकरणमा खर्च भएको देखिन्छ । दलित सशक्तिकरण कार्यक्रम सञ्चालन हुन नसक्नुमा जिम्मेवार निकाय चुकेको देखिन्छ। लक्षित वर्गलाई सशक्तिकरण गर्ने कायक्रम नै सञ्चालन हुन नसक्नु भनेको हाम्रो निर्दिष्ट लक्ष्य पुरा गर्न चुनौति सिर्जना हुनु हो। लक्षित

वर्गमा बजेट विनियोजन भएको सम्वन्धमा सूचना प्रवाह हुन नसक्नु या विभिन्न कारण भए तापनि समग्र विकासका निम्ति जिम्मेवार निकाय नै जवाफदेही हुनु पर्ने देखिन्छ। आगामी दिनमा यस किसिमका त्तुटिहरु सच्याउदै लक्षित समुह तर्फको कार्यक्रम सञ्चालन गर्दा जिवन उपयोगी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**सशर्त बजेट तर्फः**

स्थानीय तहले संघीर सरकार तथा प्रदेश सरकारवाट सशर्त रुपमा बजेट प्राप्त गर्ने कानूनी व्यवस्था रहेको छ । मुख्य गरी शिक्षा र स्वास्थ्य तर्फको तलब भत्ता तथा अन्य विविध कार्यक्रम तथा सिंचाई आयोजनाहरुको लागि सशर्त बजेट विनियोजन गरिन्छ । त्यस्तै समपुरक र विशेष अनुदान समेत सशर्त अनुदानको रुपमा नै प्राप्त भएको हुन्छ । आ.व. २०८०।८१ मा सशर्त बजेट तर्फ प्राप्त अनुदान तपशिल बमोजिम उल्लेख गरिएको छः

**तपशिलः**

**संघीय सशर्त अनुदान तर्फः**

| क्रसं. | चालु खर्च | पुँजिगत खर्च | कुल जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | रु.२५,४५,७२,००० | रु. ६,०३,००,००० | रु. ३१,४८,७२,००० | ८१.१३ |
| खर्च | ८९.१६ | ७३.०९ | | |

**प्रदेश सशर्त अनुदान तर्फः**

| क्रसं. | चालु खर्च | पुँजिगत खर्च | कुल जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | रु. ६३,०७,००० | रु. २,२४,४२,००० | रु. २८,७४,९००० | ८५.६ |
| खर्च | ९७.६१ | ७३.५८ | | |

गाउँपालिकालाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको सशर्त अनुदानको खर्चको विश्लेषण गर्दा ८० प्रतिशत भन्दा बढी खर्च हुनु सन्तोषजनक नै मालु पर्दछ । माथिको तालिकाबाट हेर्दा समग्र खर्चको हिसावले सन्तोषजनक नै देखिन्छ। तर पुँजिगत खर्चको अवस्था हेर्दा ७५ प्रतिशत भन्दा पनि कम मात्र खर्च भएको अवस्थालाई राम्रो मान्न सकिदैन। पुँजिगत खर्च बढाउदै गाउँपालिकामा रोजगारी तथा विकासका लागि अवसरहरु सिर्जना गर्दै जानु पर्ने आवश्यकता देखिन्छ। तोकिएको कार्यक्रम सञ्चालन गर्न प्राप्त भएको सशर्त अनुदानमा चालु खर्त स्वभाविक रुपमा बढि हुन्छ तर पुजिंगत खर्च समेत उल्लेख्य रुपमा हुनुलाई सकारात्मक रुपमा नै लिन सकिन्छ । आगामी दिनमा सत प्रतिशन नै खर्च गर्न पहल गर्नु पर्ने देखिन्छ ।

**सामाजिक सुरक्षाः**

| | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १५२२ | १८०५७८२५ | १५३१ | १८२२७२९६ | १५३५ | १८१९२३५७ | १५४७ | १८३७०२८४ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ७१ | ५६१२६० | ७१ | ५५६९१५ | ७१ | ५६०९९४ | ७० | ५५५७७४ |
| जेष्ठ नागरिक एकल महिला | १९० | १५०५५६० | १९१ | १५१०८८० | १९३ | १५२३६४८ | १८९ | १५००९०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विधवा | २५६ | २०३२२४० | २६० | २०५८८४० | २६५ | २०८८१०० | २७० | २११७५२६ |
| पूर्ण अपाङ्गता भत्ता | ५५ | ६५२०४३ | ५५ | ६४२३२१ | ५४ | ६४६३८० | ५३ | ६३४४१० |
| अति अशक्त अपाङ्गता भत्ता | १४६ | ९२१४२४ | १४७ | ९२९९३६ | १४९ | ९४४८३२ | १५१ | ९५१२१६ |
| दलित बालबालिका | ११९ | १८४३९४ | ११९ | १८०८८४ | ११५ | १७४१९६ | ११२ | १७१८६३ |
| जम्मा | २३५९ | २३९१४७४६ | २३७४ | २४१०७०७२ | २३८२ | २४१३०५०७ | २३९२ | २४३०११७८ |
| जम्मा वितरण गरेको रकम | | | | | | | | ९६४५४३०३ |

नेपाल सरकारले सामाजिक सुरक्षा मार्फत जेष्ठ नागरिक (६८ वर्ष माथि) मासिक रु. ४०००, एकल महिला/विधवा मासिक रु. २६६०, पूर्ण अपाङ्गता भएका व्यक्ति मासिक रु. ३९९० र अति असक्त अपाङ्ग मासिक रु. २१२८ निर्वाह र उपचार वापत प्राप्त गरिरहेका छन् । फाल्गुनन्द गाउँपालिकामा सामाजिक सुरक्षा लाभग्राहीहरुको संख्या यहाँ उल्लेख गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा यस गाउँपालिकामा जम्मा २३९२ जना लाभग्राहीहरुलाई ९ करोड ६४ लाख ५४ हजर ३०३ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वापत वितरण गरिएको छ ।

**व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणः**

| घटना दर्ता सम्बन्धी | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | |
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा |
| १ | ५७ | ४९ | १०६ | १३ | १२ | २५ | ७ | ३६ | २ | ५ | १६ | ५५ | १९२ |
| २ | २६ | २१ | ४७ | १९ | १३ | ३२ | २ | २० | १ | ४ | १५ | ४४ | ११७ |
| ३ | ५९ | ५५ | ११४ | २४ | २० | ४४ | ७ | ३१ | | | ८ | २८ | २०४ |
| ४ | ४४ | ३९ | ८३ | २३ | १७ | ४० | ५ | २६ | १ | ४ | ११ | ३९ | १६६ |
| ५ | ७० | ५६ | १२६ | २३ | १८ | ४१ | ६ | ३५ | ३ | ८ | १७ | ५२ | २२८ |
| ६ | ३६ | ३६ | ७२ | १५ | १५ | ३० | ४ | ३२ | ३ | ९ | १८ | ५३ | १५९ |
| ७ | २९ | ३२ | ६१ | १७ | १८ | ३५ | ५ | २२ | | | २६ | ८० | १४९ |
| जम्मा | ३२१ | २८८ | ६०९ | १३४ | ११३ | २४७ | ३६ | २०२ | १० | ३० | १११ | ३५१ | १२१५ |

**आकस्मिक तथा प्रकोप व्यवस्थापन कोषः**

फाल्गुनन्द गाउँपालिकाले आम नागरिकहरुको स्वास्थ्य उपचारमा सहयोग गर्न आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७४ जारी गरी विरामीहरुको उपचारमा अधिकतम रु. १३ हजार ५०० सम्म सहयोग गर्ने व्यवस्था गरेको छ । त्यस्तै गाउँपालिकाकाले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी विपद्का घटनाबाट धन जन, घरबार, पशु चौपाया तथा खेतीबालीको क्षति हुन गएमा क्षतिको आधारमा अधिकतम रु. ५० हजार सम्म राहत प्रदान गर्दै आइरहेको छ । आर्थिक वर्ष २०८०।८१ को लागि उक्त कोषमा विनियोजन गरिएको रकमको विवरण यस प्रकार छ ।

| क्र.सं. | कोष | बजेट | खर्च प्रतिशत |
|---|---|---|---|
| १. | आकस्मिक कोष | रु. ३०,३८,८१९ | ८९.८२ |
| २. | प्रकोप व्यवस्थापन कोष | रु. ३६,८०,३३९ | ६३.६१ |
| ३. | पुन निर्माण खर्च | रु. २०,००,००० | १००.०० |

गाउँपालिकाले आकस्मिक कोष कम र प्रकोप व्यवस्थापन (विपद् व्यवस्थापन) कोषको बढि खर्च होस् भन्ने आसय राख्दछ । यस हिसावले खर्च हेर्दा ठिक उल्टो आकस्मित कोष बढी र प्रकोप व्यवस्थापन कोषको खर्च कम भएको देखिन्छ । यस पटक २०७८ साल कात्तिक १,२ र ३ गते परेको अविरल बर्षाका कारण मानिविय तथा अन्य धनजनको क्षति अत्याधिक भएको कारणले पुर्ण क्षति भएको घर पुननिर्माणको लागि गाउँपालिकाको साझेदारी रकमको लागि आवश्यक रु २० लाख विनियोजन गरिएकोमा जिल्ला प्रशासन कार्यालयमा निकासा गरिएको थियो।

**सुरक्षित आप्रवासन परियोजना (SaMi)**

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयको साझेदारीमा यस गाउँपालिका मार्फत यस गाउँपालिकामा सुरक्षित आप्रवासन (सामी) परियोजना सञ्चालन हुदै आइरहेको छ । वैदेशिक रोजगारलाई कसरी सुरक्षित बनाउने, आप्रवासीहरुको परिवारलाई आय आर्जनमा कसरी सक्षम बनाउने, आपत् विपदमा परेका आप्रवासीहरुको कसरी उद्दार गर्ने तथा मानसिक रुपमा समस्यामा फसेका आप्रवासी एवं उनको परिवारलाई कसरी सामन्य अवस्थामा फर्काउने ? भन्ने विषयमा यस परियोजना मार्फत कार्यक्रमहरु सञ्चालन हुदै आइरहेको छ । सामी कार्यक्रमको लागि कुल बजेट रु २३ लाख विनियोजन गरेको थियो ।

**सुरक्षित आप्रवासन (सामी) कार्यक्रम वार्षिक प्रगति**

| सि.नं. | कार्यक्रम/क्रियाकलापको विवरण | जना | वार्षिक लक्ष्य | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | व्यक्तिगत मनोपरामर्श | २५ | २४ | २५ | |
| २. | वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा | १०० | ४ | ४ | |
| ३. | सामुदायिक अभिमुखीकरण कार्यक्रम | १०४ | ४ | ४ | |
| ४. | गहन अभिमुखीकरण | ६२ | २ | २ | |
| ५. | पालिका स्तरीय आप्रवासी संजाल | ३५ | १ | १ | |
| ६. | सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम | २७ | १ | १ | |
| ७. | शाखा प्रमुख/प्रहरी र पत्रकारहरुसँगको अन्तरक्रिया कार्यक्रम | ४० | १ | १ | |
| ८. | मनोसामाजिक समस्या सम्बन्धि चेतना मुलक कार्यक्रम | १०७ | ४ | ४ | |
| ९. | रिटर्नी स्वयंसेवक सूचना परामर्श प्रदान | २७०० | २७०० | २७०० | |

**गाउँपालिका तर्फः**

गाउँपालिकास्तरीय योजना, कार्यक्रम तथा चालु खर्च गाउँपालिका तर्फ बजेट विनियोजन भएको हुन्छ । गाउँपालिकाको समग्र गतिविधिहरुलाई सम्बोधन गर्ने गरी आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिका तर्फ विनियोजन बजेटको अवस्था यस प्रकार रहेको छ ।

| क्रसं. | चालु खर्च | पुँजिगत खर्च | कुल जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | रु. २,३९,५४,७५६.६ | रु. ८,४१,७४,८६० | | |
| खर्च | ९१.३६ | ७१.८७ | | |

सशर्त अनुदान, वडा तथा विषयगत शाखाहरु बाहेक गाउँपालिका मुख्य गरी गाउँ कार्यपालिकाको कार्यालय/गाउँपालिका स्तरीय कार्यक्रम तथा योजनाहरुको लागि विनियवजित बजेटमा जम्मा ७४.२ प्रतिशत खर्च भएको देखिन्छ । माथि उल्लेखित क्षेत्रहरुको खर्चको तुलनामा गाउँपालिकाको खर्च कम भएको छ । आगामी आ.व.मा गाउँपालिकास्तरीय खर्च बढाउनु पर्ने देखिन्छ ।

## फाल्गुनन्द गाउँपालिका, गाउँ कार्यपालिकाका पदाधिकारीहरूको सम्पर्क नं.

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङदेम्बे | अध्यक्ष | ९८४२६६१२६० |
| २ | श्री ठाकुर सिं नेम्बाङ | उपाध्यक्ष | ९८५२६८१३७२ |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडा अध्यक्ष | ९८१५९५०७१० |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडा अध्यक्ष | ९८१५०७८५१८ |
| ५ | श्री सुखवीर नेम्बाङ | ३ नं. वडा अध्यक्ष | ९८४४६५५८५२ |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडा अध्यक्ष | ९८५२६२००६० |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडा अध्यक्ष | ९८१६००५७९२ |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडा अध्यक्ष | ९८१४०४८५८९ |
| ९ | श्री देउ कुमार आङदेम्बे | ७ नं. वडा अध्यक्ष | ९८२५९६५६४२ |
| १० | श्री विमला लिम्बू | सदस्य | ९८१६०४५६४२ |
| ११ | श्री आइतमायाँ लिम्बू | सदस्य | ९८०७९९६३०३ |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | ९८२४९९३६९३ |
| १३ | श्री हर्कमायाँ नेपाली | सदस्य | ९८१६०५२४९० |
| १४ | श्री टंक परियार | सदस्य | ९८१७९००१८९ |
| १५ | श्री जसिमायाँ कमिनी | सदस्य | ९८१५०९६५७० |
| १६ | श्री निर्मल तुम्रोक | प्रप्रअ (सदस्य सचिव) | ९८५२६८४३८४ |